आज मिति २०७८/०५/२३ गते बुधबारका दिन जिल्ला प्रशासन कार्यालय, मकवानपुरको सभाहलमा प्रमुख जिल्ला अधिकारी श्री भरत मणी पाण्डेज्यूको संयोजकत्वमा राष्ट्रिय जनगणना, २०७८ संचालन सम्बन्धी कार्यका लागि जिल्ला स्तरमा सहजिकरण, समन्वय र मार्गदर्शन गर्ने सन्दर्भमा जिल्ला समन्वय समितिको पहिलो बैठक देहायका महानुभावहरुको उपस्थितिमा बसी तपसिल बमोजिमको प्रस्तावमा छलफल गरी निम्नबमोजिमको निर्णय गरियो ।

**उपस्थितिः**

१. श्री भरत मणी पाण्डे, प्रमुख जिल्ला अधिकारी - संयोजक

२. श्री शिवराज चौलागाई, प्रमुख प्रशासकीय अधिकृत - सदस्य

३. श्री आनन्दराज पोखरेल, जिल्ला समन्वय अधिकारी - सदस्य

४. श्री रमेश अर्याल, प्रमुख कोष नियन्त्रक - सदस्य

५. श्री प्रेम राज खरेल, इकाई प्रमुख - सदस्य

६. श्री जयश्वर रिमाल, प्रहरी नायव उपरीक्षक - सदस्य

७. श्री राजेश दास, प्रदेश जनगणना अधिकारी - सदस्य सचिव

**प्रस्तावहरुः**

१. राष्ट्रिय जनगणना-२०७८ को कार्यलाई प्रभावकारी बनाउन आवश्यक सहयोग एवं समन्वय सम्बन्धमा ।

२. राष्ट्रिय जनगणना-२०७८ का लागि स्रोत साधन तथा जनशक्ति व्यवस्थापन सम्बन्धमा ।

३. सुरक्षाको व्यवस्था सम्बन्धमा ।

४. विविध ।

**निर्णयहरुः**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा राष्ट्रिय जनगणना-२०७८ को कार्यलाई प्रभावकारी बनाउन जिल्लाका विभिन्न कार्यालयहरुले गर्न सक्ने सहयोग तथा समन्वय प्रदेश जनगणना कार्यालयलाई गर्ने निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा राष्ट्रिय जनगणना-२०७८ को गणना सामाग्री भण्डारणको लागि तथ्याङ्क कार्यालय, मकवानपुरको कोठा अपुग भएको खण्डमा र विभागबाट तोकिएको स्थानीय जनगणना कार्यालय स्थापनाका लागि कोठा भाडामा लिन छिटो छरितो प्रकियाबाट लिन बागमती प्रदेश जनगणना कार्यालयलाई सहमति दिने निर्णय गरियो । राष्ट्रिय जनगणना-२०७८ का लागि आवश्यक पर्ने जनशक्ति सम्बन्धित स्थानीय तहका तथा कामको चाँप कम भएका अन्य सरकारी कार्यालयहरुसंग समन्वय गरी बागमती प्रदेश जनगणना कार्यालयले काजमा ल्याउने निर्णय गरियो । राष्ट्रिय जनगणना-२०७८ को स्थलगत तथ्याङ्क संकलनका लागि विभागबाट प्राप्त सुपरिवेक्षक तथा गणकहरुको सूची अपुग भएको खण्डमा छिटो छरितो प्रकियाबाट सकेसम्म सम्बन्धित पालिकाबाट नै योग्यता पुगेका सुपरिवेक्षक तथा गणक राख्ने बागमती प्रदेश जनगणना कार्यालयलाई सहमति दिने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा राष्ट्रिय जनगणना-२०७८ संग सम्बधित बागमती प्रदेश जनगणना कार्यालय, स्थानीय जनगणना कार्यालय, यसमा संलग्न सम्पूर्ण जनशक्ति र गणना सामाग्रीहरुको सुरक्षा व्यवस्था आवश्यकतानुसार जिल्ला प्रहरी कार्यालय, मकवानपुरले मिलाउने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा जिल्लाका सम्पूर्ण सरकारी, गैर सरकारी कार्यालयका लेटरप्याडमा राष्ट्रिय जनगणना-२०७८ को लोगो प्रयोग गर्न जिल्ला प्रशासन कार्यालयबाट सूचना जारी गर्ने निर्णय गरियो । कोभिड-१९ को संकमण तथा जोखिम दर कायम नै रहेकोले राष्ट्रिय जनगणना-२०७८ को स्थलगत तथ्याङ्क संकलन कार्य एवं अनुगमन कार्यमा संलग्न सबैले मास्क, सेनिटाइजर, फेसशिल्ड, भौतिक दुरी लगायत स्वास्थ्यका मापदण्ड पुरा गर्ने निर्णय गरियो ।

आजको बैठक मिति २०७८/०५/२३ गते विहान ८:१५ बजे देखी शुरु भई विहान ९:०० सम्पन्न भयो।

